# कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## रेडक्रसग्राम, चितवन, बागमती प्रदेश, नेपाल
## कार्यपालिका बैठक निर्णयहरुः

| क्र.स | निर्णय मिति | प्रस्ताब पेश गर्ने शाखा | निर्णयको व्यहोरा |
|---|---|---|---|
| १. | २०७९।४।१३ | १. योजना शाखा | १. यस नगरपालिका घ वर्ग को निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्वन्धमा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि २०७५ बमोजिम रितपुर्वक पेश हुन आएको तपशिल बमोजिमको निर्माण व्यवसायी फर्म/ कम्पनीलाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>१. नरगंगा इन्जिनियरीङ सोलुसोन प्रा.ली.कालिका - ९ चितवन । |
| | | २. विपद व्यवस्थापन | २. नगर विपद व्यवस्थापन समितिको मिति २०७९।०४।०५ गतेको बैठकको निर्णयलाई अनुमोदन गरि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो । |
| | | ३. गत कार्यपालिकाको बैठकबाट | ३. यस नगर कार्यपालिकाको यस अघि बसेको पहिलो, दोस्रो, तेस्रो र चौथो बैठकहरुबाट भएका निर्णयहरु कार्यान्वयनका सम्वन्धमा छलफल गरि निर्णयहरु कार्यान्वयनको बारेमा समिक्षा गरियो । |
| | | ४. प्रधानमन्त्री रोजगार शाखा | १. आ.ब. ०७९।०८० को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका तपशिल बमोजिमका निर्णय गरियो । |
| २. | २०७९।५।२३ | १. विपद व्यवस्थापन<br>२. शिक्षा<br>३. प्रशासन<br>४. कृषि<br>५. प्रशासन | १. स्थानीय विपद व्यवस्थापन समितिको मिति २०७९।५।२३ गतेको संलग्न निर्णय - अनुसुचि १ बमोजिमको निर्णय अनुमोदन गर्ने ।<br>२.नगर शिक्षा समितिको मिति २०७९।५।३० गतेको संलग्न निर्णय अनुसुची २ बमोजिमको निर्णय अनुमोदन गर्ने।<br>३. कालिका नगरपालिकाको प्रशासकीय एवं आन्तरीक नियन्त्रण कार्यविधि, २०७९ स्वीकृत गर्ने ।<br>४. कालिका नगरपालिका कृषि कार्यक्रम संचालन कार्यविधी, २०७९, स्वीकृत गर्ने ।<br>५. जुटपानी प्रहरी चौकीलाइ इलाका प्रहरी कार्यालय स्तरोन्नती गरि जनशक्ती व्यवस्थापन हुन जिल्ला सुरक्षा समिति चितवन केन्द्रिय सुरक्षा समिति चितवन, नेपाल प्रहरी प्रधान कार्यालय र |

| | | | |
|---|---|---|---|
| | | ६. स्वास्थ्य<br><br>७. प्रशासन | गृहमन्त्रालयमा अनुरोध गर्ने ।<br>६. कालिका नगर अस्पताल र नेत्र ज्योति संघ चितवन वीच सहकार्यमा उपकरण र प्राविधिक नेत्र ज्योति संघबाट व्यहोर्ने तथा स्थान नगरपालिकाले उपलब्ध गराउने गरि आँखा उपचार केन्द्र संचालन गर्ने ।<br>७. देहायका महत्वपुर्ण स्थानमा सिसि क्यामेरा जडान गर्ने र सोलार बत्ती मर्मत गर्ने निर्णय गरियो । |
| ३. | २०७९।०६।२४ | १. भु- उपयोग परिषद<br><br>२. योजना<br><br>३. महिला वालवालिका तथा जेष्ठ नागरिक<br>४. योजना | १. यस कालिका नगरपालिकाको भू-उपयोग कार्यविधि २०७९ को सम्बन्धमा थप अध्ययन तथा छलफल गर्नुपर्ने देखिएकोले विषय विज्ञ समेत राखि पुन विस्तृत छलफल गरि कार्यविधिलाई अन्तिम रुप दिने ।<br>२. तराई मधेश समृदि कार्यक्रम अन्तर्गत यस कालिका नगरपालिकाको लागि हस्तान्तरित योजनाहरु नगरपालिकाको तर्फबाट ३०% साझेदारी गर्नु पर्ने रकम कालिका नगरपालिकाको आ.ब. २०७९।८० को बार्षिक स्वीकृत बजेटंको समपुरक कोषमा विनियोजित रकम रु. १ करोडबाट खर्च हुने गरी ठेक्का प्रकृयाबाट संचालन गर्ने ।<br>३. यस कालिका नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशी रणनिति, २०७९ स्वीकृत गर्ने,<br>४. यस कालिका नगरपालिका घ वर्गको निर्माण निर्माण व्यवसायी पत्र सम्वन्धी कार्यविधि २०७५ बमोजिम सम्पुर्ण प्रकृया र आवश्यक आधारहरु पुर्ण भई योजना शाखाबाट निर्णयार्थ पेश भएका देहाय बमोजिमका निर्माण ब्यवसायीहरुलाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।<br>क. कलश विल्डर एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि कालिका -२ चितवन ।<br>ख. करुणा निर्माण सेवा, कालिका- ६ चितवन ।<br>५. यस कालिका नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५ मा आवश्यक संसोधनको लागि २०७९।५।२९ को निर्णयानुसार स्वीकृत हुन योजना शाखाबाट पेश भएकोमा सोको संलग्न तीन महले बमोजिम संशोधन स्वीकृत गर्ने निर्णय गरियो । |